बागमती प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या:- ०८२/०८३

चलानी नम्बर:- २६०२

मिति:-२०८३/०३/१८

विषय: स्व: मुल्याङ्कन सम्बन्धमा।

श्री स्वास्थ्य संस्थाहरु (सबै)
बागमती प्रदेश, नेपाल।

प्रस्तुत विषयमा **प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५** को दफा १९ ले अस्पताल वा स्वास्थ्य संस्थाले आफुले प्रदान गरेको स्वास्थ्य सेवा तोकिए बमोजिमको गुणस्तर तथा मापदण्ड बमोजिम भए नभएको सम्बन्धमा हरेक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले पैंतिस दिनभित्र प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ को अनुसूची "५क" बमोजिमको दस्तुर बुझाई तोकिए बमोजिमको ढाँचामा स्व:मूल्याङ्कन प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था रहेकोमा तहाँ संस्थाहरुले मन्त्रालय वा मन्त्रालयले तोकेको मातहतको निकायहरुमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र स्व: मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुहुन निर्देशानुसार अनुरोध छ।

स्व:मुल्याङ्कन सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु:

- बागमती प्रदेशको **"स्वास्थ्य संस्थाको आशयपत्र, सेवा सञ्चालन अनुमति, नविकरण तथा स्तरोन्नति सम्बन्धी मापदण्ड, २०८१"** को सम्बन्धित स्वास्थ्य संस्था अनुसारको अनुसूचीलाई स्व: मूल्याङ्कन चेकलिस्टको रुपमा प्रयोग गर्नुपर्नेछ।
- स्वास्थ्य संस्थाले स्व: मूल्याङ्कन प्रतिवेदन पेस गर्दा प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ को अनुसूची "५क" बमोजिमको शुल्क वा दस्तुर सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्नेछ।
- प्रचलित ऐनले व्यवस्था गरे बमोजिमको स्व: मूल्याङ्कन प्रतिवेदन तोकिएको माध्यमबाट आ. व. समाप्त भएको मितिले ३५ दिन भित्र पेस नगर्ने वा स्व: मूल्याङ्कनमा गलत विवरण पेस गर्ने स्वास्थ्य संस्थालाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

दिनेश रुपाखेती

प्रमुख, चिकित्सा सेवा महाशाखा

बोधार्थ:

श्री स्वास्थ्य निर्देशनालय।

श्री प्रदेश जनस्वास्थ्य प्रयोगशाला।

श्री जनस्वास्थ्य कार्यालयहरु (सबै)।

श्री आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरु (सबै)।

(प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ को नियम १६ बमोजिमको व्यवस्था मिलाउन हुन)

श्री अफिन, बागमती प्रदेश। (सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई जानकारी गराउनुहुन)